# मिति २०८२ साल जेठ ०१ गतेको कार्यपालिका बैठकको निर्णयहरु

१) देहायका कार्यविधिहरु सर्वसम्मत स्विकृती गर्ने निर्णय गरियो ।

१ विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०८० (पहिलो संसोधन, २०८२)

२ कार्यसम्पादनमा आधारित कर्मचारी प्रोत्साहन कार्यविधि, २०८२

३ कन्टिन्जेन्सी खर्च सञ्चालन कार्यविधि, २०८२

४ विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८२

२) गाउँपालिकाबाट मिति २०७९।०३।०७ गतेको का.पा.को निर्णय नं १ बमोजिम गठित बिभिन्न बिषयगत समितिहरुलाई निम्नानुसार पूर्णता दिने निर्णय गरियो ।

क) सार्वजनिक सेवा तथा क्षमता विकास समिति

संयोजकः- श्री दावा गोम्बो तामाङ

सदस्यः- श्री चिप्चुङ घले

सदस्यः- श्री चेन्चेन तामाङ

ख) आर्थिक विकास समिति

संयोजकः- श्री लाक्पा कामी तामाङ

सदस्यः- श्री फूर्पुदेजी तामाङ

सदस्यः- श्री छिरिङ देजी तामाङ

ग) पूर्वाधार विकास समिति

संयोजकः- श्री धर्म तामाङ

सदस्यः- श्री श्रीमाया बि.क

सदस्यः- श्री चेन्चेन तामाङ

घ) सामाजिक विकास समिति

संयोजकः- श्री सुरेन्द्र तामाङ

सदस्यः- श्री ताम्प्रिङ घले

सदस्यः- श्री चिसुङ घले

ङ) वातावरण तथा बिपद व्यवस्थापन समिति

संयोजकः- श्री साङलामा तामाङ

सदस्यः- श्री फूर्पु देजी तामाङ

सदस्यः- श्री श्रीमाया बि.क.

३) उपभोक्ता समिति मार्फत हुने काममा बालुवामा हुने दोहोरो कर लिई उपभोक्ता समितिले पटक पटक गुनासो गरेको हुँदा सो सम्बन्धमा राजश्व परामर्श समितिले स्थलगत अध्ययन गरि आगामी कार्यपालिका बैठकमा पेश गर्नुपर्ने ।

**४) विविधः**

CamScanner

क) यस आमाछोदिङमो गाउँपालिकामा २०८१ सालको असोज महिनामा आएको बाढीको कारण आमाछोदिङमो गाउँपालिका वडा नं ४ र वडा नं ५ जोड्ने तिम्बुसिङ पुल मर्मतको लागि सान्जेन जलबिद्युत कम्पनी लि. र चिलिमे जलबिधुत कम्पनी लि. सँग अनुरोध गरिएकोमा जलबिधुत कम्पनीबाट सहयोग गर्ने पत्र प्राप्त हुन आएकोले कम्पनी सँग त्रिपक्षिय सम्झौता गरि कार्य अगाडी बढाउने ।

ख) गाउँपालिकाको कार्यालय, वडा कार्यालय, प्रत्येक शाखाहरु, स्वास्थ्य चौकीहरु, विद्यालयहरुमा सुशासन प्रवर्धन गर्न सिसिक्यामराको साथै मौज्दातमा रहेको इ-हाजिरी मेशिन राखे ।

ग) आमाछोदिङमो गाउँपालिका वडा नं १ मा निर्माणाधिन अपर त्रिशुली ए २१६ मे.वा.जलबिध्युत कम्पनी लि.ले निःशुल्क हस्तान्तरण गरेको एम्बुलेन्समा हाल सवारी चालकक नभएको हुँदा नियमानुसार करार सेवामा ह.स.चा. को व्यवस्था गर्ने ।

घ) आमाछोदिङमो गाउँपालिका वडा नं ५ मा रहेको थाम्बुचेत प्रहरी चौकीको प्राङगणमा ब्याटमिन्टन कोर्ट निर्माण गर्न विभिन्न योजनाको कन्टिन्जेन्सीबाट प्राप्त हुने रकमबाट बजेट व्यवस्थापन गर्ने ।

ङ) आमाछोदिङमो गाउँपालिकामा २०८० बैशाख महिना देखि पर्यटन सल्लाहाकारको रुपमा कार्यरत रहि आएका तारकेश्व न.पा-२, काठमाण्डौं निबासी श्री शुसिल फुँयाललाई मिति २०८२ चैत्र मसान्त सम्म पूनः निरन्तरता दिने ।

**आमाछोदिङमो गाउँपालिका, गाउँ कार्यपालिका बैठक संख्या ८।०८१/०८२**

## मिति २०८२ साल जेठ १४ गतेको कार्यपालिका बैठकको निर्णयहरु

१) अघिल्लो बैठकको समिक्षा गरियो ।

२) आगामी आ. व. ०८२।०८३ को बजेट निर्माणको लागि प्रत्येक स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, राजश्व परामर्श समिति, बिषयगत समिति, बिषयगत शाखाहरु वडा कार्यालयहरुलाई १५ दिनको समय तोकी कार्यक्रम पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिने ।

३) भूमीहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लागत संकलन सम्बन्धी कार्यविधी, २०८१ को दफा ५ को उपदफा (९) बमोजिम भूमीहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको तथ्यांक संकलन लगायतका कार्य गर्न यस गाउँपालिकामा एक भूमी शाखाको स्थापना गर्ने र सो शाखाको जिम्मेवारी प्रशासन तथा राजश्व शाखा प्रमुख श्री ऋषिकेश अधिकारीलाई तोक्ने ।

४) भूमीहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लागत संकलन सम्बन्धी कार्यविधी, २०८१ को दफा ४ को उपदफा (१) अनुसार भूमीहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन, प्रमाणिकरण तथा नापनक्सा कार्यमा सहयोग र सहजीकरण गर्न देहाय बमोजिमको स्थानीय तहस्तरीय भूमी समस्या सहजीकरण समिति गठन गर्ने ।

संयोजकः श्री बुचुङ तामाङ, आमाछोदिङमो गाउँपालिका
उप-संयोजकःश्री चण्डिका तामाङ आमाछोदिङमो गाउँपालिका
सदस्यः श्री ........................., नेपाली कांग्रेस पार्टी, आमाछोदिङमो गाउँपालिका

CamScanner

सदस्यः श्री ........................... ने.क.पा. एमाले, आमाछोदिङमो गाउँपालिका

सदस्यः श्री .......................... ने.क.पा. माओबादी, आमाछोदिङमो गाउँपालिका

सदस्यः श्री .......................... रा.स्व.पा. आमाछोदिङमो गाउँपालिका

सदस्यः श्री फूर्पुदिजी तामाङ, कार्यपालिका सदस्य आमाछोदिङमो गाउँपालिका

सदस्यः श्री ताम्प्रिङ घले, कार्यपालिका सदस्य. आमाछोदिङमो गाउँपालिका

सदस्यः श्री भूमीहिन किसान, सुकुम्बासी र आवासको क्षेत्रमा काम गरिरहेका संघ संगठनबाट महिला

सदस्यः श्री भूमीहिन किसान, सुकुम्बासी र आवासको क्षेत्रमा काम गरिरहेका संघ संगठनबाट दलित

सदस्यः श्री भूमीहिन किसान, सुकुम्बासी र आवासको क्षेत्रमा काम गरिरहेका संघ संगठनबाट

सदस्य सचिवः श्री विकाश शर्मा रिजाल, प्रमुख प्रशासकीय अधिकृत

५) भूमीहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लागत संकलन सम्बन्धी कार्यविधी, २०८१ को दफा ४ को उपदफा (२) अनुसार स्थलगत रुपमा तथ्याङ्क संकलन तथा नाप नक्साको काममा सहजीकरण गर्न तथा वडा समितिलाई आवश्यक सहयोग पुर्याउन देहाय बमोजिमको वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्न वडालाई पत्राचार गर्ने ।

६) गाउँपालिकाको प्रशासनीक भवन बन्ने गोल्जुङबेशीको प्रस्तावित जग्गाको विषयमा मिति २०८२।२।७ गते जिल्ला प्रशासन कार्यालय रसुवाको सभाहलमा सरकारी जग्गा उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन), कार्यनीति, २०८२ को दफा ५ बमोजिमको समितिको संयोजक एवं प्रमुख जिल्ला अधिकारी अर्जुन पौडेलको अध्यक्षतामा बसेको बैठकले "नेपाल सरकारबाट भएको निर्णय बमोजिम राजपत्रमा प्रकाशित सूचना, सम्बन्धित गाउँसभा तथा गाउँ कार्यपालिकाबाट भएको निर्णय एवं नेपाल सरकारले तोकेको गाउँपालिका एवं नगरपालिकाको केन्द्र निर्धारण सम्बन्धी मापदण्डलाई समेत मध्यनजर गरि आमाछोदिङमो गाउँपालिकाबाट प्रस्तावित ठाउँमा रहेको जग्गा सम्भावित विपदको जोखिम तथा भौगर्भिक दृष्टिकोणबाट उपयुक्त रहे/नरहेको सन्दर्भमा बिषयविज्ञ टोलीबाट अध्ययन गरि गराई प्रतिवेदन पेश गर्नका लागि सम्बन्धीत गाउँपालिकालाई अनुरोध गर्ने" निर्णय भए बमोजिम प्रस्तावित गोल्जुङबेशी क्षेत्रको जग्गा अध्ययन गर्नको लागि सेवा परामर्शबाट बिषयविज्ञ सेवा खरिद गरि कार्य गर्ने ।

७) गाउँपालिकाको कार्यालय, दोबो तेम्बा फूर्पु आधारभूत अस्पतालको साथै विभिन्न स्वास्थ्य संस्था, वडा कार्यालय, बिभिन्न शाखा र वडाहरुमा आवश्यक पर्ने जनशक्ती करार सेवामा कार्यालय प्रमुखले दरबन्दी भित्रका रिक्त पदमा कर्मचारी पदपूर्ति गर्ने ।

८) भूमी शाखामा कार्यरत कर्मचारी श्री ऋषिकेश अधिकारीलाई भूमीहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको तथ्यांक फाराम अनलाईन ईन्ट्री गर्दा प्रति फाराम रु १००।(एक सय मात्र) का दरले सुविधा उपलब्ध गराउने र सोको लागि आवश्यक पर्ने बजेट चालु खर्च शिर्षकबाट भुक्तानी दिने ।

CS CamScanner